"Harnessing the potential of human mobility"

"सचेत, सीपमूलक र सुरक्षित रोजगार : मर्यादित श्रम आप्रवासनको मूल आधार"

# राष्ट्रिय आह्वान पत्र

विश्वव्यापीकरण र सूचना प्रविधिको तीव्र विकासले गर्दा आप्रवासन वर्तमान समाजको अभिन्न आयाम बन्न पुगेको छ। रोजगारीको खोजी, अध्ययन, व्यवसाय, घुमफिर, शरणार्थी जीवन, कामको क्षेत्रगत विविधता लगायतका कारणले विश्वमा आप्रवासन हुने गरेको छ। आई.ओ.एम. द्वारा प्रकाशित World Migration Report, 2020 अनुसार संसारभर २८ करोड १० लाख मानिसहरु आप्रवासी कामदारको रुपमा रहेका छन्। यी आप्रवासी कामदारको हित र अधिकारको रक्षाको साथै वैदेशिक रोजगारमा रहँदा पाउने पारिश्रमिक तथा अन्य सेवा सुविधा, न्युनतम् मानव अधिकारको प्राप्ति आदिमा विदेशी नागरिक भएको कारणबाट आप्रवासी कामदारहरु माथि हुनसक्ने विभेदलाई ध्यानमा राखी संयुक्त राष्ट्र संघले डिसेम्बर १८ का दिन आप्रवासी कामदार र तिनका परिवारको सदस्यहरुको अधिकार संरक्षण सम्बन्धी महासन्धि, १९९० पारित ग-यो जुन सन्धि सन् २००३ जुलाई १ देखि लागू भएको छ। यस महासन्धिले "आप्रवासी कामदार" भन्नाले आफू नागरिक नरहेको राष्ट्रमा पारिश्रमिक पाउने क्रियाकलापमा लागेको वा लगाइएको व्यक्तिलाई सम्झनु पर्दछ भनेर आप्रवासी कामदारको परिभाषा गरेको छ। संयुक्त राष्ट्रसंघको महासभाले सन् २००० डिसेम्बर ४ मा प्रस्ताव नं. ५५/९३ लाई पारित गर्दै संसारभर ठूलो संख्यामा रहेका आप्रवासीको सरोकारको दस्तावेज पारित भएको दिन १८ डिसेम्वरलाई अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवसको रुपमा मनाउने गरिएको छ। नेपालमा पनि यो दिवस सम्बद्ध सरकारी, गैरसरकारी, निजी क्षेत्र लगायत सम्बद्ध पक्षहरुको संयुक्त पहलमा प्रत्येक बर्ष विभिन्न कार्यक्रम आयोजना गरी मनाउँदै आइएको छ।

वैदेशिक रोजगारीले नेपालको अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान पु-याउँदै आएको छ। अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको श्रम शक्तिलाई उत्पादनमूलक र प्रतिस्पर्धी बनाउँदै बैदेशिक रोजगारीबाट आर्जित पुजी, प्रविधि, सीप र अनुभवलाई अधिकतम रुपमा परिचालन गर्ने राज्यको नीति रहेको छ। नेपाल सरकारको आ.ब. २०७८/७९ को नीति तथा कार्यक्रममा श्रम आप्रवासन सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई आन्तरिकीकरण गर्दै लगिने र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई लक्षित गरी सामाजिक तथा आर्थिक पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने कुरा उल्लेख गरिएको छ। कूल ग्राहस्थ उत्पादनमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको योगदान औसत २५ प्रतिशत रहनुले वैदेशिक रोजगारको महत्वलाई उजागर गरेको छ। आ.ब. २०६४/०६५ देखि २०७७/०७८ सम्ममा मात्रै झन्डै ७० खर्व विप्रेषण नेपाल भित्रिएको राष्ट्र बैंकको तथ्यांक छ। यसरी वैदेशिक रोजगारीबाट ५६ प्रतिशत घरधुरीले नियमितरुपमा विप्रेषण पाईरहेको तथ्यलाइ मान्दा र प्रति घरधुरी औषत परिवार संख्या ४.८८ को आधारमा नेपालमा हाल ३० लाख ३९ हजार घरधुरीका १ करोड ४८ लाखभन्दा बढी मानिसहरु अहिले पनि वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणमा आश्रित रहेका छन् भनेर बुझ्नु पर्ने हुन्छ। आ.ब. २०५०/०५१ देखि २०७७/०७८ सम्म वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति (पुन श्रम स्वीकृति समेत) लिई वैदेशिक रोजगारीमा गएका २ लाख ५० हजार २९५ महिला सहित कूल ५६ लाख ६४ हजार ०९२ जना श्रमिकले पठाएको विप्रेषणले यी घर परिवार सञ्चालन गर्न सहयोग पु-याएको छ। वैदेशिक रोजगार बोर्ड सचिवालयको तथ्यांक अनुसार सचिवालयको स्थापनादेखि आ.ब. २०७७/०७८ सम्म वैदेशिक रोजगारीको क्रममा २१७ महिलासहित कूल ९ हजार ४४२ श्रमिकको मृत्यु भएको छ भने १८९५ जना गम्भिर विरामी तथा अंगभंग भएर फर्किएका छन्। वैदेशिक रोजगारीका लागि नेपाली समाजले महँगो सामाजिक मूल्य पनि चुकाउनु परिरहेको तथ्य यसबाट पुष्टि हुन्छ।

स्वदेशमा नै रोजगारीका अवसरहरु प्रचुर मात्रामा उपलब्ध हुन नसक्दासम्म वैदेशिक रोजगारीमा जानु नेपाली श्रमिकहरुको बाध्यता हुन गएको छ। वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढ्दै जाँदा स्वदेशमा श्रम शक्तिको अभाव, सामाजिक रुपमा पारिवारिक विखण्डन लगायतका नकारात्मक प्रभाव एवं बौद्धिक तथा श्रम पलायन आदि जस्ता प्रमुख चुनौतीहरु नेपालले ब्यहोर्नु परिरहेको छ। पछिल्लो समयमा आएर कोभिड–१९ को विश्वव्यापी संक्रमणका कारण अन्तर्राष्ट्रिय श्रम बजारमा नेपाली श्रमिकहरुले भोग्नु परेको विविध समस्याहरुको तत्काल सम्बोधन गर्नु पर्ने चुनौती समेत हाम्रो सामु छ। यसका साथै विभिन्न मुलुकबाट नेपालमा काम गर्न आउनेको संख्या पनि क्रमशः वृद्धि हुँदै गएको

छ । उनीहरुको हकहितको रक्षाका लागि समेत हामी सबै सजग रहनु पर्दछ । नेपाल सरकार आप्रवासीहरुको मर्यादित जीवन र सम्मानपूर्ण कामको वातावरण निर्माणका लागि क्रियाशील रहेको छ । आप्रवासी नेपाली श्रमिकको हितलाई ध्यानमा राखेर वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, सरल तथा प्रतिफलमुखी बनाउन नेपाल सरकारले विभिन्न नीतिगत तथा संरचनागत सुधार गरेको छ ।

वैदेशिक रोजगारीमा रहेका र रोजगारीमा जाने श्रमिकको हकहित तथा वैदेशिक रोजगारी सम्बन्धी जनचेतनाका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहका विभिन्न जिम्मेवारी तोकिएका छन् । जसअन्तर्गत ऐनको दफा ११ मा व्यवस्था भए बमोजिम स्थानीय तहले सुरक्षित बैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेका श्रम शक्तिको सूचना तथा तथ्यांकको संकलन तथा व्यवस्थापन गर्ने, रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन गर्ने, वैदेशिक रोजगारीमा जाने श्रम शक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन गर्ने, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनः एकीकरण एवं पुनस्थापना तथा वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग गर्ने जस्ता महत्वपूर्ण कार्यहरुको जिम्मेवारी तोकिएको छ । यसका अतिरिक्त वैदेशिक रोजगार नियमावली, २०६४ को पाँचौं संशोधनबाट वैदेशिक रोजगारीको क्रममा मृत्यु तथा अंगभंग भएका कामदारलाई प्रदान गरिने आर्थिक सहायताको निवेदन स्थानीय तहमार्फत् समेत बोर्डमा दिन सकिने व्यवस्था गरिएको छ ।

स्थानीय तहमा नै वैदेशिक रोजगार सम्बन्धी पूर्ण ज्ञान प्रदान गर्दै अन्तर्राष्ट्रिय श्रम बजारमा उच्च माग भएका दक्ष एवं सीपयुक्त जनशक्तिको निर्माण र सामाजिक सुरक्षाको पूर्ण प्रत्याभूति गर्न सकिएमा मात्र वैदेशिक रोजगार मर्यादित एवं सार्थक हुन सक्दछ । यसरी सुरक्षित एवं मर्यादित वैदेशिक रोजगारीका लागि सरोकारवालाहरुमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले विगतका बर्षहरुमा जस्तै यस बर्ष पनि आप्रवासी कामदार दिवस मनाउने निर्णय भएको छ । यस दिवसलाई नतिजामुखी हुने गरी मनाउने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा एउटा मूल समारोह समिति गठन गरी त्यस अन्तर्गत अन्य उपसमितिहरु गठन गरिएका छन् । वैदेशिक रोजगारीमा जानका लागि आवश्यक पर्ने नागरिकता, राहदानी तथा अन्य कागजातहरु तयार पार्न स्थानीय तह तथा जिल्ला स्तरका जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नगरपालिका तथा गाउँपालिका लगायतका संस्थाहरुको महत्वपुर्ण भूमिका रहेको छ । यसर्थ सबैको सरोकारको विषय भएको अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवसले स्थानीयस्तरमा समेत विशेष महत्व राख्दछ ।

यो वर्षको अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस "Harnessing the potential of human mobility" मूल नाराका साथ अन्तर्राष्ट्रिय तहमा मनाईदै छ भने नेपालमा यो नाराका साथै राष्ट्रिय तहमा मनाउन् **"सचेत, सीपमूलक र सुरक्षित रोजगार : मर्यादित श्रम आप्रवासनको मूल आधार"** भन्ने मूल नारा तय गरिएको छ । प्लेकार्ड/ब्यानर आदिका लागि अन्य सचेतनामूलक नाराहरु देहाय बमोजिम हुनेछन् –

- आप्रवासी श्रमिकको सम्मान गरौं: समान कामका लागि समान ज्याला कायम गरौं ।
- महिला आप्रवासी श्रमिकको सम्मान गरौँ : लैङ्गिक विभेदको अन्त्य गरौँ ।
- आप्रवासी र आश्रित परिवारको संरक्षण गरौँ ।
- स्वास्थ्य र सामाजिक सुरक्षाको आधारः व्यवस्थित र सम्मानित वैदेशिक रोजगार
- वैदेशिक रोजगारबाट प्राप्त सीप, पूँजी र ज्ञान : प्रवर्द्धन गरौं आन्तरिक रोजगारी र स्वाभिमान ।

अतः यस दिवसलाई प्रदेश तथा स्थानीय तहसम्म पु-याउन प्रदेश सरकार तथा स्थानीय तहको अगुवाईमा जिल्लास्थित विभिन्न सरकारी निकायहरु, वैदेशिक रोजगारको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरु, सबै राजनीतिक दल, नागरिक समाज, गैरसरकारी एवं निजी संघ संस्थाहरु, ट्रेड युनियनहरु, सञ्चार माध्यमहरु समेतको सक्रिय सहभागितामा शिष्ट, सभ्य एवं विवादरहीत ढंगबाट आयोजना गरेर र कोभिड– १९ को संक्रमणबाट समेत सुरक्षित हुने गरी यही डिसेम्बर १६ देखि २२ तारेखसम्म मूल समारोह समितिबाट स्वीकृत भएका विविध कार्यक्रमहरु सप्ताहव्यापी रुपमा उत्साहपूर्वक मनाउन मूल आयोजक समिति सबैमा हार्दिक आव्हान गर्दछ । धन्यवाद ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

**(मूल समारोह समिति)**
**अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस, २०२१**